गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

मिति २०७९।०७।२३ गते वसेको कार्यपालिका वैठकका प्रस्तावनाहरु :

१.अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

२.नेपाली सेनाद्धारा प्रस्तावीत विजय विगुल तथा सलामी अर्पण कार्यक्रम सम्वन्धमा ।

३.पसल कवल छाड्ने सम्वन्धमा ।

४.योजनाको नाम परिवर्तन गर्ने सम्वन्धमा ।

५.विविध :

Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

मिति २०७९।०७।२३ गते वसेको कार्यपालिका वैठकका निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नागरपालिका तथा नगरपालिकाको कार्यालय - १ गोरखा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोरखा- १ गोरखा नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख गोरखा समेत विपक्षी वनाई प्रकाश ढकाल समेतले श्री सर्वोच्च अदालतमा उत्प्रेषण,परमादेश प्रतिशेध लगाएत उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ भनी (२०७९-WO-०२३५) को रिट निवेदनमा माथि उल्लेखित व्यक्ति तथा यस संस्थाको तर्फवाट श्री सर्वोच्च अदालतमा मुद्धा मामिलाको सन्दर्भमा लिखित जवाफ समेत फिराउन यस नगरपालिकाका नगर प्रमुख श्री कृष्ण वहादुर राना मगरलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको अनुरोधमा शाही नेपाली सेनाद्धारा गो.न.पा. वडा नं. ६ ठुलो आँगन क्षेत्रमा रहेको संङग्रालयमा नियमित रुपमा विजय विगुल तथा सलामी अर्पण कार्यक्रम संचालनको लागि श्री ५ वडा महाराज धिराज पृथ्वी नारायण शाहाको पौष २७ गते पर्ने जन्म दिनको अवसरमा प्रधानसेनापतीको प्रमुख आतिथ्यतामा हुने उद्धघाटन कार्यक्रमामा पृथ्वी नारायण शाहाको पित्तलको मुर्ति निर्माण एवं अन्य आवश्यक सामाग्री खरिद र उद्धघाटन कार्यक्रममा अन्य आवश्यक खर्चको लागि रु २२ लाख वजेट कृषि शाखा को रासायनिक मल ढुवानीमा अनुदान कृषी शिर्षकवाट रु २० लाख र सामाजिक विकास शाखा तर्फ भिम विसे युवा क्षमता विकास शिर्षकको रु २ लाख गरी जम्मा २२ लाख शिर्षक परिवर्तन गरी पृथ्वी नारायण शाहको शालिक निर्माणमा रु १० लाख , मनोग्राम निर्माणमा रु ५ लाख र कार्यक्रम आवश्यक सामाग्री खरिद होटलवास खानपान तथा विविध शिर्षकमा रु ७ लाख खर्च गर्ने गरी कार्यक्रम गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा गो.न.पा.वडा नं. ६ वसपार्कमा रहेको सटर नं. २ दरभाउ पत्रमा मासिक भाडा रु ३६०५० कवोल गरी सस्मीता श्रेष्ठ खडकाले लिएकोमा निजको श्रीमान विमारी परी संचालन गर्न नसकेकोले दोश्रो दरभाउपत्र पेश गर्ने कुमार सिर्मलले कवोल अंक रु २१७५१ राखेकोमा निजलाईनै उक्त दररेटमा सो सटर उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस आ.व.०७९।०८० को क्रमागत योजनामा वडा नं. ८ को रजा मस्जितलाई रु ५ लाख वजेट विनियोजन गरीएकोमा उक्त योजनाको नाम परिवर्तन गरी थाकलडाडा घुम्ती सडक ढलान राख्ने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ (क) माथि छलफल गर्दा वडा नं. ५ रजा मस्जित ओजुखानाको लागि मर्मत संहार कोषवाट रु ५० हजार खर्च गर्ने निर्णय गरियो ।

(ख) गो.न.पा.वडा नं. २ को सिमाना देखि भिमसेन थापा गाउ पालिका कार्यालय सम्मको मोटरवाटो सफा गर्दा लागेको २६ घण्टाको हुन आउने रकम मर्मत संहार कोषवाट खर्च लेख्ने निर्णय गरियो ।(ग) वडा नं ३ को लप्से मोटरवाटो सर सफाई गर्दा लागेको खर्च रकम रु ६८ हजार मर्मत संहार कोषमा रहेको रकम मध्येवाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner